Sub.Code : 0061 'H'

**NEB - GRADE XII**
**2080 (2023)**

# सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

(रजिष्ट्रेशन नम्बर शुरुका दुई अङ्क ७८ र ७९ हुने साधारण धारतर्फका परीक्षार्थीहरूका लागि मात्र)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*समय : ३ घण्टा* *पूर्णाङ्क : ७५*

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

## समूह 'क'

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु** ११x१=११

१. सामाजिक अध्ययन विषयमा समेटिएका मानविकीका विषयहरुको कुनै दुई नाम लेख्नुहोस्।

२. जीवनोपयोगी सीपलाई परिभाषित गर्नुहोस्।

३. अनुसन्धानको कुनै एक मुख्य उद्देश्यलाई कसरी प्रयोगमा ल्याउनुहुन्छ ?

४. बौद्धिक चोरीबाट बच्न तपाईंले अपनाउने कुनै दुई उपायहरु लेख्नुहोस्।

५. नेपालको मध्यकालीन अवधि कहिलेदेखि कहिलेसम्म रहेको थियो ? विक्रम सम्वतमा लेख्नुहोस्।

https://dhanrajgurung.com/

६. तपाईं लैङ्गिक समावेशितालाई हाम्रो समाजमा कसरी प्रयोगमा ल्याउनुहुन्छ ?

७. तपाइले सार्वजनिक पद धारण गर्नु भएको छ भने पदीय जिम्मेवारीलाई कसरी उत्तरदायी बनाउनु हुन्छ ?

८. जनगणना २०७८ अनुसार नेपालमा कति प्रतिशत जनसंख्या शहरमा बसोबास गरेको पाइन्छ ?

९. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्नका लागि सार्क संगठनको कुन उद्देश्यले सहयोग पुऱ्याएको छ ?

१०. विप्रेषण दुरुपयोग न्यूनीकरण गर्न तपाईं कस्तो योगदान पुऱ्याउन सक्नुहुन्छ ?

११. मानव संसाधन विकास गर्ने कुनै एक प्रभावकारी तरिका लेख्नुहोस्।

## समूह 'ख'

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु** ८x५=४०

१२. 'सामाजिक अध्ययनमा कार्यकारण तथा सह-सम्बन्धको सान्दर्भिकता' शीर्षकमा एक नमूना सम्वाद तयार पार्नुहोस्।

**अथवा**

'सामाजिक अध्ययनमा चित्रात्मक प्रस्तुतिको सान्दर्भिकता' लाई समेटी एक संवाद तयार पार्नुहोस्।

१३. नेपालमा सामाजिक रुपान्तरणबाट आएका पाँच-पाँचवटा सकारात्मक र नकारात्मक प्रभावहरुको सूचि तयार पार्नुहोस्।

https://dhanrajgurung.com/

१४. तपाईँ बसेको प्रदेशको आर्थिक विकास गर्नका लागि एउटा योजनाको नमूना तयार पार्नुहोस्।

१५. नेपालमा दोस्रो जनआन्दोलनले नेपालको आर्थिक र सामाजिक क्षेत्रमा ल्याएको उपलब्धीको समिक्षा गर्नुहोस्।

१६. 'समतामूलक समाजको निर्माणमा समावेशीकरणको सान्दर्भिकता प्रष्ट पार्नुहोस्।

१७. किशोर किशोरीहरुको पारिवारिक कर्तव्यहरु बुँदागत रुपमा लेख्नुहोस्।

१८. वर्तमान समयमा नेपालको ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा भैरहेको तिब्र बसाँइसराईलाई रोक्नका लागि नेपाल सरकारले के कस्ता कार्य गर्नु पर्ला ? बुँदागत रुपमा सुझाव पेश गर्नुहोस्।

१९. शिक्षामा पहुँच वृद्धि गर्ने आधारहरु संक्षेपमा उल्लेख गर्नुहोस्।

**अथवा**

नेपालमा बेरोजगारी समस्या समाधानका लागि प्राविधिक शिक्षाको आवश्यकताका सम्बन्धमा पाँच बुँदामा उल्लेख गर्नुहोस्।

## समूह 'ग'

**विस्तृत उत्तरात्मक प्रश्नहरु** ३x८=२४

२०. आत्मालोचना र आत्ममूल्याङ्कन सीपले व्यक्तिलाई आत्मविश्वासी बनाउँदै सिर्जनशीलताको लागि उत्साहित गर्दछन् भन्ने भनाईलाई उदाहरणसहित प्रष्ट पार्नुहोस्।

२१. भौगोलिक अध्ययनमा भौगोलिक सूचना प्रणालीले तपाईँलाई कसरी मद्दत गर्दछ ? आफूले प्रयोग गरेका आधारमा तिनीहरुको महत्त्व उल्लेख गर्नुहोस्।

२२. नेपालले अवलम्बन गरेको अर्थ व्यवस्था र यसको प्रभाव सम्बन्धमा एक वक्तव्य तयार पार्नुहोस्।

https://dhanrajgurung.com/

-०-

https://dhanrajgurung.com/